गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# एकीकृत सेवा कार्यालय

नवलपरासी(बर्दघाट सुस्ता पूर्व)

फो.नः
०७८-४१८१५१
**Email:**
csionawalpur@gmail.com

सूचना प्रकाशित मितिः २०८३/०६/१३

## वातावरण व्यवस्थापन दस्तुर बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

गण्डकी प्रदेश राजपत्रमा प्रकाशित आर्थिक ऐन २०८३ को दफा १० र अनुसूची-१२ मा व्यवस्था भए बमोजिम यस जिल्ला भित्र सञ्चालित तोकिएका उद्योगहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) **महिनाभित्र** अर्थात असोज मसान्तभित्र) अनिवार्य रूपमा वातावरण व्यवस्थापन दस्तुर बुझाउनु पर्ने कानुनी प्रावधान रहेको छ। तसर्थ, देहाय बमोजिमका उद्योगहरूले आफ्नो उद्योगको पुँजी लगानी (चुक्ता पुँजी वा व्यवसाय दर्ता गर्दा उल्लेख गरेको पुँजी रकम) अनुसारको दस्तुर तपशिल बमोजिम यस एकीकृत सेवा कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मार्फत प्रदेश सञ्चित कोषमा समयमै दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै दस्तुर बुझाउनु पर्ने उद्योगहरु र पुँजी लगानीका आधारमा लाग्ने वार्षिक दस्तुर विवरण गण्डकी प्रदेश आर्थिक ऐन २०८३ को अनुसूची-१२ यसै सूचना साथ संलग्न रहेको छ। थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपशिलः

बैंकः नेपाल बैंक लि. खाता नम्वरः २७३०२०००००१००१००००००१
वा
बैंकः राष्ट्रिय वाणिज्य बैंक खाता नम्वरः १०००१००२००१००००
कार्यालय कोडः ३०७०१४६०१४
राजश्व शिर्षक नम्वरः १४५२१(प्रदुषण नियन्त्रण शुल्क)
कार्यालयको नामः घरेलु तथा साना उद्योग कार्यालय (Cottage and Small Industry Office), नवलपरासी(ब.सु.पुर्व)

विशेष द्रष्टव्य तथा जरिवाना सम्बन्धी व्यवस्थाः

- **म्यादः** आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र यो दस्तुर बुझाइसक्नु पर्नेछ।
- **जरिवानाः** तोकिएको अवधिभित्र दस्तुर नबुझाएमा सो अवधि नाघेको पहिलो तीन महिनासम्म लाग्ने दस्तुरको १० प्रतिशत र सो अवधिमा पनि नबुझाएमा वार्षिक १५ प्रतिशतका दरले जरिवाना लाग्नेछ।

सम्पर्क नम्बरः ९८५७०८८१५१/९८५७०८८१५२

२०८३/०६/१३
.................
कार्यालय प्रमुख

## अनुसूची-१२

(दफा १० को उपदफा (१), (२) र (३) सँग सम्बन्धित)

**वातावरण व्यवस्थापन दस्तुर**

| क्र.सं. | उद्योगको नाम | पुँजी लगानी | दस्तुर (रू.) |
|---|---|---|---|
| १. | -सिमेन्ट उद्योग<br>- मदिरा उद्योग (वियर समेत)<br>-चुरोट उद्योग<br>-प्लास्टिक तथा प्लास्टिकजन्य प्याकिङ्ग सामग्री उत्पादन गर्ने उद्योग<br>-ईट्टा उद्योग<br>-चाउचाउ, बिस्कुट, चक्लेट लगायतका प्लास्टिकमा प्याकिङ्ग गरिएका सामग्री उत्पादन गर्ने उद्योग<br>-प्लास्टिक तथा सिसा बोत्तल प्रयोग गरिएको पेय पदार्थ उत्पादन गर्ने उद्योग<br>-सुर्ती तथा सुर्तिजन्य पदार्थ (गुट्खा समेत) उत्पादन गर्ने उद्योग | रु.१ करोड सम्म | ५० हजार |
| | | रु.१ करोड भन्दा माथि ५ करोडसम्म | १ लाख |
| | | रु. ५ करोड भन्दा माथि १० करोडसम्म | २ लाख |
| | | रु.१० करोड भन्दा माथि १५ करोडसम्म | ४ लाख |
| | | १५ करोड भन्दा माथि २५ करोडसम्म | ८ लाख |
| | | २५ करोड भन्दा माथि ५० करोडसम्म | १५ लाख |
| | | ५० करोड भन्दा माथि | २५ लाख |

द्रष्टव्य: १. पुँजी लगानी भन्नाले उद्योगको चुक्ता पुँजी वा प्रोप्राइटर तथा साझेदारी फर्मले व्यवसाय दर्ता गर्दा उल्लेख गरेको पुँजी रकमलाई सम्झनु पर्दछ।

२. व्यवसाय दर्ता गरी व्यवसायिक कारोबार सुरु भएपछि मात्र वातावरण व्यवस्थापन शुल्क दाखिल गर्नु पर्दछ।